# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.

च. नं.

## प्रेस विज्ञप्ति

२०७० वैशाख ४ गते

## आगलागी र डढेलो नियन्त्रण गर

देशका विभिन्न भागमा भएको आगलागी र डढेलोबाट भएको जनधन र प्राकृतिक सम्पदाको क्षतिप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

विगतका वर्षहरूमा जस्तै चैत-वैशाखको खडेरी याममा अनियन्त्रित रूपमा आगलागी हुने र जनधनको क्षति हुने क्रम बढ्दो छ । तराई बस्तीमा आगलागी भएर सयौं घरहरू खरानी भएका एवम हिमाली र पहाडी जिल्लाका सयौं हेक्टर वनमा आगलागी भएको जानकारी आमसञ्चार माध्यम र आयोग स्वयंले गरेको अनुगमनबाट प्राप्त भइरहेको छ ।

आयोगले विभिन्न स्रोतबाट संकलन गरेको जानकारीअनुसार सुनसरी, झापा, सप्तरी, सिरहा, मोरङ, बारा, पर्सा, ताप्लेजुङ, बाँकेलगायतका जिल्लामा आगलागीका कारण ६ जनाको मृत्यु भएको छ । यसैगरी, ६ सय ४४ घर जलेको, २ सय ९४ परिवार विस्थापित भएको र देशभरका ७ सय ५६ वनमा आगलागी भएको जानकारी प्राप्त भएका छन् ।

आगलागीबाट पीडित नागरिकहरू - खासगरी बालबालिका, बृद्धबृद्धा, बिरामी एवम सुत्केरीको पहिचान गरी तिनलाई तत्काल सुरक्षित ठाउँमा स्थानान्तरण गर्न एवम् आवास, औषधोपचार, राहत, उद्दार र परिपूरणका कामहरू द्रुत गतिमा अघि बढाउन नेपाल सरकार र सरोकारवाला निकायहरूसँग आयोग आग्रह गर्दछ । साथसाथै पीडितहरूको पुनःस्थापना र उपयुक्त परिपूरणको व्यवस्था गर्न आयोग आह्वान गर्दछ ।

गाउँवस्ती र वनमा लागेको डढेलो तत्काल निभाउन र आउँदा दिनमा आउनसक्ने यस्ता विपदहरूको समयमै निराकरण गर्नका लागि आवश्यक सतर्कता अपनाउन, नीति-नियम बनाउन तथा पर्याप्त बजेटको व्यवस्था मिलाउन पनि आयोग नेपाल सरकार र सवै सरोकारवाला निकायहरूसँग आग्रह गर्दछ ।

(वेदप्रसाद भट्टराई)

का.मु. सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org